समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/१२/२९

बैठक संख्या: २२

बैठक प्रारम्भ समय: विहानको ९:०० बजे    बैठक समापन समय: बजे

| क्र.स | पद | पदाधिकारीको नाम | दस्तखत | कै. |
|---|---|---|---|---|
| १ | नगरकार्यपालिका प्रमुख तथा नगरप्रमुख | श्री महेश थपलिया | | |
| २ | नगरकार्यपालिका सदस्य तथा नगरउपप्रमुख | श्री महेश्वरा श्रेष्ठ | | |
| ३ | का.वा. नगरकार्यपालिका सदस्य, वडा नं. १ | श्री सृजना शंकर | | |
| ४ | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री योगेन्द्र थापा | | |
| ५ | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री भरतकुमार घिमिरे | | |
| ६ | नगरकार्यपालिका सदस्य, वडा नं. ४ | श्री विनोद कुमार गुरुङ | | |
| ७ | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री टंकबहादुर घिमिरे | | |
| ८ | का.वा. नगरकार्यपालिका सदस्य, वडा नं. ६ | श्री यशोदा मगर | यशोदा | |
| ९ | नगरकार्यपालिका सदस्य, वडा नं. ७ | श्री देवबहादुर पुँवार मगर | | |
| १० | का.वा. नगरकार्यपालिका सदस्य, वडा नं. ८ | श्री रुभिना रसाइली | | |
| ११ | नगरकार्यपालिका सदस्य, वडा नं. ९ | श्री विमलराज गौतम | | |
| १२ | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री बेदबहादुर चौहान | | |
| १३ | नगरकार्यपालिका सदस्य, वडा नं. ११ | श्री अनिल राई लोहोरुङ | | |
| १४ | नगरकार्यपालिका सदस्य, वडा नं. १ | श्री नरेन्द्रकुमार राई मेवाहाङ | | |
| १५ | नगरकार्यपालिका सदस्य, वडा नं. ५ | श्री डम्बरबहादुर घले | | |
| १६ | नगरकार्यपालिका सदस्य, वडा नं. ११ | श्री दिपेन्द्र राई लोहोरुङ | | |
| १७ | नगरकार्यपालिका सदस्य, वडा नं. २ | श्री राधा ओझा | | |
| १८ | नगरकार्यपालिका सदस्य, वडा नं. ३ | श्री ईन्द्रमाया वराईली | | |
| १९ | नगरकार्यपालिका सदस्य, वडा नं. ४ | श्री पवित्राकुमारी गुरुङ | | |
| २० | नगरकार्यपालिका सदस्य, वडा नं. ७ | श्री ललिता आले मगर | | |
| २१ | नगरकार्यपालिका सदस्य, वडा नं. १० | श्री दुर्गा मगर | | |
| २२ | नगरकार्यपालिका सचिव | श्री युवराज आचार्य | | |
| आमन्त्रित (सचिवालय) | | | | |
| १ | नगरप्रमुखज्यूको निजी सचिव | श्री गोकुल खनाल | | |
| २ | प्रशासन सहायक चौथो | श्री भोजराज चौलागाई | | |
| ३ | नगर उपप्रमुखज्यूको निजी सचिव | श्री सरोज श्रेष्ठ | | |

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल।

## नगरकार्यपालिकाको बैठक

बैठक मिति: २०७९/१२/२९ बैठक संख्या: २२

बैठक प्रारम्भ समय: विहानको ९:०० बजे बैठक समापन समय: बजे

**आजको नगरकार्यपालिकाको बैठकको कार्यसूचीका आधारमा देहाय अनुसार निर्णयहरु सर्वसम्मत रुपमा पारित गरेको छ।**

**निर्णयहरु**

१. खाँदबारी नगरपालिकाको जमिनलाई भू उपयोग ऐन र नियमावलीको मर्म अनुसार योजनाबद्द तरिकाले उपयोग गर्ने प्रयोजनका लागि भू उपयोग योजना तयार गर्न आवश्यक भएको र सो कार्यका लागि नियमानुसार नियुक्त गरिएका परामर्शदाताबाट सम्पादन गरिएको कामको प्रगति प्रस्तुत भई सो उपर छलफल भयो।

२. यस नगरपालिकाले विगत आर्थिक बर्षसम्ममा संचालन गरेका विभिन्न योजना तथा कार्यक्रमहरुको सामाजिक प्रभावलाई मूल्याङ्कन तथा परीक्षण गरी तयार भएको प्रतिवेदन सामाजिक परीक्षकबाट प्रस्तुत भई छलफल भयो।

३. खाँदबारी-९ स्थित लामिबगर घाटमा बेवारिसे लाशहरुको अन्तिम संस्कार गर्दा खर्च भएको दाउरा बापतको रकम रु. ६८ हजार माग गरी सम्बन्धित संस्थाले निवेदन दिएको हुँदा यस नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट उक्त रकम भुक्तानी दिने निर्णय गरियो।

४. यस खाँदबारी नगरपालिका, नगरकार्यपालिका कार्यालय अन्तर्गतका शाखाहरु, वडा कार्यालय र स्वास्थ्य संस्था समेतले गर्ने कामलाई परिभाषित गर्ने, सो अनुसार रहने शाखाहरु, शाखा अन्तर्गत रहने कर्मचारीहरुको दरबन्दी आदिलाई समेटेर समयसापेक्ष संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने आवश्यकता भएकोले संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने निर्णय गरियो।

५. खाँदबारी नगरपालिका वडा नं. ९ मा साविकमा देउ इन्टरनेशनल अंग्रेजी बोर्डिङ स्कूलको नामबाट सञ्चालन भईरहेकोमा कम्पनी रजिष्ट्ररको कार्यालयको मिति २०७२/०२/२५ को निर्णयले उक्त विद्यालयको नाम गोल्डेन स्टार्स इङ्लिस स्कूल नाम संशोधन गर्न स्वीकृति लिएर प्रदान गरेको र सम्बन्धित स्थानीय तहबाट स्वीकृति लिएर मात्र कार्यान्वयन गर्ने शर्तमा अभिलेखीकरण गरेको हुँदा उक्त विद्यालयको साविक नाम देउ इन्टरनेशनल अंग्रेजी बोर्डिङ स्कूलको नाम संशोधन गरी श्री गोल्डेन स्टार्स इङ्लिस स्कूल कायम गर्न अनुमति दिने निर्णय गरियो।

६. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, २०७९ को जिल्लास्तरीय प्रतियोगितामा खाँदबारी नगरपालिकाले प्रथम स्थान हासिल गरेको हुँदा सो प्रतियोगिता सम्बन्धी देहायबमोजिमका कार्यका लागि आवश्यक रकम चालु आ. व. को उपमेयर कबड्डी कप शिर्षकमा विनियोजित बजेटबाट रकमान्तर गरी खर्च गर्ने निर्णय गरियो।

निम्न:

क. विद्यालय सहभागिता खर्च-

सामुदायिक विद्यालय १३ वटालाई रु. २०,०००।- का दरले।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

ध्रुवराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत

संस्थागत विद्यालय ५ वटालाई रु. १०,०००।- का दरले ।

ख. पुरस्कार खर्च-

प्रथम पुरस्कार रु.५०,०००।-

द्वितीय पुरस्कार रु.३०,०००।-

तृतीय पुरस्कार रु.२०,०००।-

७. यस नगरपालिकाको स्वामित्वमा रहेका निम्न सवारी साधनहरुको इन्जिन समेत खोली मर्मत गर्न लागेको खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निम्नः

क. घिमिरे कल्याणकारी कोषको कोभिड- १९ को समयमा नगरपालिकाले प्रयोग गरेको एम्बुलेन्स मर्मत गर्न लागेको खर्च रु. ४,१२,५३८/१४

ख. प्र. १-०२-००१-झ ०७१९ गाडीको इन्जिन समेत खोली मर्मत गर्न लागेको खर्च रु. ३,३४,९२१/७० र ३,९९,६४१/१४ गरी जम्मा रु. ७,५४,५६३/१५

ग. को १ ग ९९ दमकल मर्मत खर्च रु. ४,११,०६०/१०

घ. बा.१ झ ८८१७ गाडी मर्मत खर्च रु. १,८५,०९७/३९

८. नगर क्षेत्रभित्रका मुख्य- मुख्य सडकहरु बाहै महिना संचालन हुनसक्ने बनाउनका लागि मेशिनरी औजारहरु भाडामा लिई मर्मतसम्भार गर्ने, भाडामा लिनका लागि सार्वजनिक सूचना प्रकाशन गर्ने र उक्त भाडा वापतको रकम सम्झौता हुन नसकेका चालु आर्थिक बर्षका आयोजना तथा कार्यक्रमहरुको रकम र सडक बोर्डबाट प्राप्त रकम समेतबाट खर्च गर्ने निर्णय गरियो ।

९. आर्थिक बर्ष २०७९/८० को सशर्त कार्यक्रम अन्तर्गत डेरी प्रबर्धन कार्यक्रमको लागि श्री कामधेनु डेरी उद्योग, खाँदबारी नगरपालिका वडा नं. ३ छनौट गर्ने कार्यदलको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१०. आर्थिक बर्ष २०७९/८० मा नयाँ बाख्रा पकेट विकास कार्यक्रमको लागि श्री सिंहदेवी बहुउद्देश्यीय कृषक समूह, खाँदबारी न. पा. ७ छनौट गर्ने र आ.ब. २०७८/७९ देखि वडा नं. ६ मा संचालन हुँदै आएको बाख्रा पकेट कार्यक्रमलाई निरन्तरता दिने गरी प्राविधिक समितिको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

११. प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत (संघीय सशर्त कार्यक्रम) आ.ब. २०७८/७९ मा स्थापना भएको सुन्तलाजात फलफुलको पकेट विकास कार्यक्रमको निरन्तरताका लागि खिप्रिङ सुन्तलाजात पकेट क्षेत्र खाँदबारी- ६ अन्तर्गतको खिप्रिङ कृषि तथा पशुपालन कृषक समूहलाई छनौट गर्ने र उक्त समूहसँग सम्झौता गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ४ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

भुपराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/१२/२९ बैठक संख्याः २२

बैठक प्रारम्भ समयः विहानको ९:०० बजे बैठक समापन समयः बजे

१२. चालु आर्थिक बर्षमा उपभोक्ता समिति मार्फत सञ्चालित तथा सम्झौतामा उल्लेख भएको समयमा सम्पन्न हुन नसकेको र उपभोक्ता समितिहरुबाट म्याद थपको लागि निवेदन प्राप्त भएकोले त्यस्ता योजनाहरुको मिति २०८० साल बैशाख मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

१३. खाँदबारी नगरपालिकाको वडा नं. २ र वडा नं. ९ मा उखु उत्पादनको पर्याप्त सम्भावना रहेकोले उक्त वडाहरुलाई उखु पकेट क्षेत्र घोषणा गर्नका लागि आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

१४. भू उपयोग ऐन तथा नियमावलीले निर्देश गरे अनुसार यस नगरपालिकाका विभिन्न वडाहरुबाट जग्गा धनीहरुले जग्गा वर्गीकरणका लाग स्वयं घोषणा गरी पठाएबमोजिम जग्गाको वर्गीकरण स्वीकृत गरी सम्बन्धित निकायहरु समक्ष पठाउने निर्णय गरियो ।

१५. मनकामना मन्दिर परिसरमा यस नगरपालिकाद्वारा निर्मित जेष्ठ नागरिक भवनको उद्घाटन कार्यक्रम २०८० साल बैशाख १ गते गर्ने र नगरपालिका अन्तर्गतका वडा कार्यालयहरु उद्घाटन गर्न बाँकी भएमा आगामी बैशाख १५ गतेसम्म उद्घाटन कार्यक्रम सम्पन्न गरी सक्ने निर्णय गरियो ।

१६. ब्रम्हकुमारी राजयोग सेवाकेन्द्र, खाँदबारी, सङ्खुवासभाको आयोजनामा आगामी बैशाख २४ गतेदेखि खाँदबारीमा आन्तरिक शान्ति एवं खुशियाली जीवनका लागि राजयोग प्रशिक्षण कार्यक्रम सञ्चालन हुन गईरहेको र सो कार्यक्रमका लागि आर्थिक सहयोग माग भई आएकोमा उक्त कार्यक्रमका लागि नगरपालिकाको तर्फबाट रु. २ लाख उपलब्ध गराउने निर्णय गरियो ।

१७. खाँदबारी नगरपालिकाको बिक्रम सम्वत् २०८० को बार्षिक क्यालेण्डर प्रकाशन गर्ने निर्णय गरियो ।

१८. चालु आर्थिक बर्षदेखि नै यस नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरुका लागि बार्षिक रुपमा एक महिनाको सुविधा वापतको रकम बराबर चाडबाड खर्च उपलब्ध गराउने र बर्षको एक पटक रु. १० हजार पोशाक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१९. औषधी उपचार, आर्थिक सहायता तथा विभिन्न कार्यक्रममा सहयोगका लागि प्राप्त निवेदनहरुको गाम्भीर्यता र उपर्युक्तताको अवस्था हेरी रु. १० हजारसम्म नगरप्रमुखले निर्णय गर्न पाउने गरी अधिकार प्रत्यायोजन गर्ने र सोभन्दा बढी आर्थिक सहायता प्रदान गर्नुपर्ने आवश्यकता भएमा आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ५ बमोजिम कार्यपालिका बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

समृद्ध खाँदबारी नगर'

# खाँदबारी नगरपालिका

खाँदबारी, संखुवासभा, कोशी प्रदेश, नेपाल ।

## नगरकार्यपालिकाको बैठक

बैठक मितिः २०७९/१२/२९ बैठक संख्याः २२

बैठक प्रारम्भ समयः विहानको ९:०० बजे बैठक समापन समयः बजे

२०. नयाँ बर्ष २०८० को पावन अवसरमा नगरपालिका कर्मचारी एसोसियसन, खाँदबारीले कर्मचारी तथा जनप्रतिनिधिहरु समेतको सहभागितामा व्याडमिन्टन प्रतियोगिता गराउने र सोको लागि रु. एक लाख रकम माग गरी निवेदन प्राप्त भएकोले सो प्रतियोगिता संचालन गर्न मागबमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

२१. खाँदबारी नगरपालिका, वडा नं. ४ पांमामा केन्द्रीय कार्यालय रहने गरी यस नगरपालिकामा "किराँत लोहोरुङ याखावा (राई) संग्रहालय विधान, २०७९ संस्था दर्ता भएको, सो संस्थाको उद्देश्य संग्रहालय स्थापना गर्ने भएको हुँदा उक्त कार्य चन्दा, दान र स्थानीय लगानीबाट मात्र पुरा नहुने भएकोले सोको लागि आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न नेपाल सरकार, शहरी विकास मन्त्रालय र संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष आवश्यक बजेट तथा कार्यक्रम उपलब्ध गराई दिन माग गर्ने निर्णय गरियो ।

२२. देहायका व्यक्तिहरुलाई निजहरुको मागको आधारमा देहायबमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निम्नः

| सि.नं. | नामथर | ठेगाना | रकम रु. | श्रोत |
|---|---|---|---|---|
| १ | प्रमिला बि.क. | खाँदबारी-६ | २०,०००।- | आर्थिक सहायता |
| २ | कृष्ण बहादुर घिमिरे | खाँदबारी-३ | २५, ०००।- | आर्थिक सहायता |
| ३ | मैंया तामाङ बानिया | खाँदबारी-८ | २०,०००।- | आर्थिक सहायता |

२३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत वडा समितिको बैठकवाट अति विपन्नताको सिफारिस साथ प्राप्त तपशिलका लाभग्राहीहरुलाई घरमा जस्तापाता लागउने काम सम्पन्न गरी सम्लग्न प्राविधिक प्रतिवेदन साथ आवश्यक कागजात सहित आएका निवेदकहरुलाई भुक्तानी दिने ।

क. मनमाया मगर, खाँदवारी – ९

ख. विष्णुमाया सार्की, खाँदवारी -५

ग. नवीन खड्का, खाँदवारी – ५

घ. डिमा तामाङ, खाँदवारी -५

ङ. कुलचन्द्र बराल, खाँदबारी- ८

च. कृष्ण बहादुर पुर्छाने मगर, खाँदबारी- ८

छ. जय कुमारी राई, खाँदबारी- ८

ज. ठम बहादुर मगर, खाँदबारी- ८

झ. केदार प्रसाद भण्डारी, खाँदबारी- ८

आगामी बैठक आवश्यकतानुसार बस्ने गरी आजको बैठक अन्त्य गरियो ।

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली २०७४, नियम ३ बमोजिम कार्यपालिकाको बैठकको निर्णय प्रमाणित

युवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत